घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, ५ नं. प्रदेश, नेपाल

०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
प्यारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

## कर तथा शुल्क उठाउने सम्बन्धी सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०३।२३)

नेपालको संविधानको अनुसूची ८, स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी घोराही उप महानगरपालिका क्षेत्रभित्र तोकिएको स्थानहरुमा पार्किङ्ग शुल्क, तोकिएको सडकहरुमा स्थानीय पूर्वाधार उपभोग शुल्क, जडिबुटी, कवाडी, जीवजन्तु कर र बिज्ञापन कर (यस नगरपालिकाको साझेदारीमा संचालन हुने सोलार जडित डिजिटल विज्ञापन बाहेकमा) आ.व. २०७५।०७६ (२०७५ श्रावण १ गते देखि २०७६ आषाढ मसान्त सम्म) संकलन गर्नको लागि १५ दिनको म्याद राखी यो दरभाउ पत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । योग्य इच्छुक संस्था/फर्म/कम्पनीले निर्धारित समयभित्र दरभाउ पत्र पेश गर्नुहुन अनुरोध गरिन्छ ।

### तपसिल

१. दरभाउपत्र लिन इच्छुक संस्था/फर्म/कम्पनीले क्रमशः नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी/फर्म दर्ता/नविकरणको प्रतिलिपी, स्थायी लेखा नम्बर (प्यान) मूल्य अभिबृद्धि कर प्रमाण पत्रको प्रतिलिपी आ.व. ०७३।०७४ को कर चुक्ता प्रमाण प्रतिलिपी संलग्न राखी रु १०००। एकहजार तिरी पछि फिर्ता नहुने गरी) यस कार्यालयबाट खरिद गर्नुपर्नेछ ।
२. सिलबन्दी दरभाउ पत्रमा निर्धारित न्यूनतम अंक नघटने गरी कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।
३. सबैभन्दा बढी रकम कबोल गर्ने दरभाउदाताको कबोल अंक स्वीकार गरिने छ । स्वीकृत दरभाउ पत्रदाताले संझौता हुनु पूर्व कबोल गरेको ५० प्रतिशत नगद दाखिला र बांकी ५० प्रतिशत रकम बराबरको बैंक जमानत पत्र दाखिला गरेपछि मात्र कार्यादेश प्राप्त गर्न सक्नेछ ।
४. सिलबन्दी दरभाउ पत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समयसम्म घोराही उप महानगरपालिका कार्यालयबाट खरिद गरीसक्नु पर्नेछ ।
५. सिलबन्दी दरभाउपत्रको साथ आफुले कबोल गरेको अंकको कम्तीमा ५ प्रतिशतले हुन आउने रकम यस घोराही उप महानगरपालिकाको नेपाल बैंक लिमिटेड घोराहीमा रहेको धरौटी खाता नं. ०२७०३०००००००००३००००४ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने छ
६. दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति:सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२.००बजे सम्म।
७. दरभाउ पत्र खोलिने दिन: दरभाउ पत्र दाखिला हुने दिनको २.०० बजे ।
८. सिलबन्दी दरभाउ पत्र रहेको खाम बाहिर आफ्नो नाम, ठेगाना, ठेक्का नम्बर उल्लजेख गर्नु पर्नेछ ।
९. दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
१०. म्यादनाघी वा रित नपुगी वा कुनै शर्त उल्लेख गरीएको दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन ।
११. यस सूचनामा कुनै कुरा छुट भएमा प्रचलित कानून बमोजिम हुनेछ ।

| क्र.सं. | कामको बिबरण | ठेक्का नं. | न्यूनतम अंक भ्याट बाहेक | अवधि |
|---|---|---|---|---|
| १ | जडिबुटी, कवाडि, जीवजन्तु कर | ०१/०७४।०७५ | १५०००००।०० | १ वर्ष |
| २ | बिज्ञापन कर | ०२/०७४।०७५ | १००००००।०० | १ वर्ष |
| ३ | सवारी पार्किङ शुल्क | ०३/०७४।०७५ | १०००००।०० | १ वर्ष |
| ४ | स्थानीय पूर्वाधार उपभोग शुल्क (सडक कर) | | | |
| ४.१ | घोराही धारपानी सडक | ०४/०७४।०७५ | १०००००।०० | १ वर्ष |
| ४.२ | सर्रा सौडियार धर्ना सडक | | | |
| ४.३ | खैरा कोट्टे डाडा सडक | | | |
| ४.४ | नारायणपुर हापुर नारेबाङ सडक | | | |
| ४.५ | रझेना मसिना सडक | | | |

पुनश्च:पार्किङ शुल्कको लागि तोकिएको क्षेत्र:(१) घोराही नयाबसपार्क क्षेत्र (२) पाण्डवेश्वर मन्दिर धारपानी क्षेत्र (३) अम्बिकेश्वरी मन्दिर क्षेत्र (४) बराहक्षेत्र बाह्रहुले दह मन्दिर क्षेत्र, सिद्ध रत्न नाथ मन्दिर चौघेरा क्षेत्र ।

०७५।३।२२
कृष्ण कुमार के.सी.
शाखा प्रमुख,अधिकृत सातौं